
# चीन–भारत युद्धको पछिल्लो व्याख्या




**पुस्तक** : *चाइनाज इन्डिया वार : कोलिजन कोर्ष अन् द रूफ अफ् द वर्ल्ड*
**लेखक** : बर्टिल लिन्टनर
**प्रकाशक** : अक्सफोर्ड युनिभर्सिटी प्रेस, २०१८
**पृष्ठ** : ३२१+
**मूल्य** : ६७५ भारू
**ISBN** : 978-0-19-947555-1

**समीक्षक** : **ध्रुव सिम्खडा**

"सन् १९५० ताका भारतमा चर्चित 'हिन्दी-चिनी, भाइ-भाइ' नारा ६० को दशकसम्म पुग्दा बदलिइसकेको थियो। १९६२ अक्टोबर २० मा भारत-चीनबीच सीमा युद्ध छेडिएको दिनदेखि भाइचाराको त्यो नारा शत्रुतामै परिणत हुन पुग्यो।"

*एशिया टाइम्स अनलाइन* तथा *एशिया प्यासिफिक मिडिया* सर्भिससित आबद्ध पत्रकार बर्टिल लिन्टनरले १९६२ को भारत-चीन सीमा विवादका कारण सिर्जित युद्ध र त्यसको असरबारे *'चाइनाज इन्डिया वार'* पुस्तकमा विस्तृत व्याख्या गरेका छन्। तथ्य, तथ्याङ्कका आधारमा लिन्टनरले चीन नै पहिलो आक्रमणकारी शक्ति थियो भनी पुष्टि गर्ने जमर्को गरेका छन्। जबकि *'चाइनाज इन्डिया वार'* लेखिनुभन्दा ४७ वर्षअघि नै सन् १९७१ मा एङ्लो-अस्ट्रेलियन पत्रकार नेभिल म्याक्सवेलले *'इन्डियाज चाइना वार'* लेखेर चर्चा मात्र बटुलेका थिएनन्, उनको पुस्तक नै भारतमा प्रतिबन्धित हुन पुगेको थियो। म्याक्सवेलले उक्त युद्धनिम्ति उत्तेजना भड्काउन र आक्रमणमा उत्रन चीनलाई तत्कालीन भारतीय प्रधानमन्त्री जवाहरलाल नेहरूको 'फरवार्ड पोलिसी' ले बाध्य पारेको आक्षेप लगाएका थिए।

लिन्टनरले पूर्वोत्तर भारतको तावाङदेखि पश्चिमोत्तर अक्साई चीन/लद्दाखसम्म भएको त्यस रक्तपातपूर्ण युद्धमा भारतीय र चिनियाँ दुवै पक्षतर्फ हताहती भएको विवरण पुस्तकमा दिएका छन्। यद्यपि, बढी क्षति भने भारतीय पक्षले बेहोर्नु पर्‍यो। चिनियाँ जनमुक्ति सेनाका लडाकूहरू एक महीनामै युद्ध लक्ष्य भेदन गरी आफ्नो स्थानमा फर्किसकेका थिए। उनीहरूले त्यो युद्ध यति छिटो सम्पन्न गरे कि भारतको आग्रहअनुसार संयुक्त राज्य अमेरिकाबाट एक महीनापछि मात्र युद्ध सामग्री भारत आइपुगेको बयान पुस्तकमा उल्लेख छ।

जुन दिन आक्रमण भयो त्यस दिनसम्म पनि नेहरूलाई चीनले आक्रमण गर्छ भन्ने विश्वास थिएन। नेहरूले माओत्सेतुङ लगायत चिनियाँ कम्युनिष्ट पार्टीका नेताहरूप्रति बढी नै विश्वास गरेका थिए। किनकि, १९५४ जूनदेखि १९५७ जनवरीसम्म तत्कालीन चिनियाँ प्रधानमन्त्री चाउ एनलाईले चार पटक भारत भ्रमण गरेको र १९५४ अक्टोबरमा नेहरू स्वयंले बेइजिङ भ्रमण गरी सम्बन्धलाई अरु प्रगाढ तुल्याएका थिए। सन् १९४९ मा माओको नेतृत्वमा जनवादी गणतन्त्र चीन घोषणा भएपछि नेहरू नै बेइजिङ पुग्ने पहिलो गैरकम्युनिष्ट नेता थिए। नेहरूले बेइजिङमा प्रधानमन्त्री चाउ एनलाई र चिनियाँ कम्युनिष्ट पार्टीका अध्यक्ष माओसँग सौहार्दपूर्ण भेटघाट र दुईपक्षीय हितका कुराकानी गरेका थिए। त्यसैले पनि आदर्शवादी नेहरू चिनियाँ नेताहरूसित बढी नै विश्वस्त थिए। तर, १९५९ मा तिब्बती धार्मिक नेता दलाई लामा तिब्बतबाट भागी भारत पसेपछि जब नेहरूले उनलाई भारतमा शरण दिए चिनियाँ नेताहरू विशेषगरी माओ भित्रभित्रै निकै चिढिए। र, उनी जतिबेला पनि भारतमाथि आक्रमणका लागि आफ्नो सम्पूर्ण सामर्थ्य खर्चिने रणनीतिसाथ अघि बढिसकेका थिए। परराष्ट्र मामिला व्यक्तिगत सम्बन्ध भन्दा पनि आफ्नो राष्ट्रको हित हेरी अघि बढ्छ भन्ने तथ्यले सवित गरेको कुरा बुझ्न नसक्नु नेहरू जस्तो विश्वविख्यात नेताको कमजोरी नै मान्नुपर्छ। 'चिनियाँ कम्युनिष्ट पार्टीले नेहरूलाई सदैव एक राष्ट्रवादी बुर्जुवा नेताको रूपमा मात्रै हेरेको थियो, न कि नरम खाले समाजवादी' भनी लिन्टनरले टिप्पणी गरेका छन्।

भारतले दलाई लामा र उनको समूहलाई शरण दिएको झोंकमा चीनले पनि पूर्वोत्तर भारतमा क्रियाशील नागा, असमिज र मणिपुरे सशस्त्र विद्रोहीहरूलाई शस्त्र तालिम, हातहतियार उपलब्ध गराएर सघाउँदै आएको कुरा उल्फा विद्रोही नेता परेश बरुवालाई साथ दिनुले प्रष्ट हुन्छ। किनकि, उल्फाका नेता बरुवालाई चीन आउजाउ गर्न र सीमावर्ती शहरमा बस्न अनि विभिन्न तालिम सञ्चालन गर्न कुनै रोकटोक थिएन त्यसबेला।

आज चीन विश्वकै दोस्रो धनी राष्ट्र भइसकेको छ। भारत पनि शक्ति सम्पन्नताका लागि प्रयत्नरत छ। यद्यपि एशिया महाद्वीपका यी दुई शक्तिसम्पन्न विशाल राष्ट्रबीचको तनावको दायरा हिजोको जस्तो हिमालयपर्वत शृंखला आसपास मात्र सीमित नभई अहिले हिन्दमहासागर (इन्डियन ओसन) सम्म पुगेको छ।

२१औं शताब्दीका यी दुई उदाउँदा महान शक्तिबीचको तनाव र विवादबाट उनीहरूलाई मात्र अप्ठेरो हुने नभई तिनका छिमेकीहरू पनि भयग्रस्त हुन पुग्छन्। दुई मत्ता हात्ती जुध्दा त्यसको बीचमा पर्ने नेपाल जस्ता साना देशको हविगत के होला? सहजै अनुमान गर्न सकिन्छ। यी दुई मुलुकको छिमेकीहरूसित विशेषगरी सीमा र पानी विवाद निकै तिक्त बन्ने गरेको छ। चीनले आफ्नो भूमि हुँदै म्यानमार, लाओस, थाइल्यान्ड, क्याम्बोडिया र भियतनाम भएर बग्ने मेकङ नदीमा आफ्नो सीमाभित्र उनीहरूसित सरसल्लाह बेगर नै बाँधहरू बाँधेपछि त्यसले विवाद सिर्जना गरेको छ। सन् २०१५ मा चीनले ब्रह्मपुत्र नदीको उद्गमस्थल तिब्बतमा बाँध बाँधेपछि

**'*चाइनाज इन्डिया वार*' पुस्तकका लेखकले १९६२ को युद्धमा चीन नै पहिलो आक्रमणकारी शक्ति थियो भनी पुष्टि गर्ने जमर्को गरेका छन्। जबकि यो पुस्तक लेखिनुभन्दा ४७ वर्षअघि नै पत्रकार नेभिल म्याक्सवेलले लेखेको '*इन्डियाज चाइना वार*' चर्चित मात्र भएको थिएन, भारतमा प्रतिबन्धित पनि भएको थियो।**

भारतसित पनि यस्तै समस्या सिर्जित हुन पुग्यो। चीनले दक्षिण-पूर्वी तिब्बतमा जाङ्मु बाँध बाँधेको र अरू पनि २७ वटा त्यस्ता बाँध बनाउने प्रस्ताव अघि बढाएपछि तल्लो तटीय मुलुक भारत र बाङ्लादेश त्यसबाट प्रभावित हुने र विवाद बढ्ने भनी लिन्टनरले पुस्तकमा उल्लेख गरेका छन्।

भारत-चीनको युद्ध र सीमा विवाद लगायत छिमेकीहरूसितको सम्बन्धबारे लिन्टनरले ८ अध्यायमा विस्तृत बयान गरेका छन्। *'ग्रस न्याशनल ह्याप्पिनेस ?'* अध्यायमा भूटानबारे रोचक वर्णन र *'माओइजम् रिडक्स'* अध्यायमा नेपालका माओवादीहरूबारे विस्तृत् वर्णन पढ्न पाइन्छ।

सन् १९१३-१४ मा भारत-तिब्बतबीच सिमलामा सम्पन्न सीमा सम्झौतालाई 'म्याक माहोन लाइन' भनिन्छ। (हेनरी म्याक माहोन तिब्बतसित सीमा सम्झौतामा सहभागी प्रमुख बेलायती वार्ताकार थिए।) 'म्याक माहोन लाइन' बेलायती साम्राज्यवादीहरूले चिनियाँ जनतामाथि लादेको गैरकानूनी सम्झौता भनी चीनले आक्षेप लगाएको कुरा लिन्टनरले आफ्नो पुस्तकमा उल्लेख गरेका छन्। चिनियाँहरूको त्यही आरोप पुष्टि हुने गरी पत्रकार म्याक्सवेल र बेलायती प्राज्ञ अल्स्टेयर ल्याम्बले समेत सिमला सम्झौतालाई अस्वीकार गरे।

लिन्टनरले चिनियाँ नेताहरूले म्याक्सवेललाई कति मनपराउँथे भनी पुस्तकमा एक रोचक प्रसंग उल्लेख गरेका छन्। सन् १९७१ मा बेइजिङमा चिनियाँ प्रधानमन्त्री चाउ एनलाई र पाकिस्तानी प्रधानमन्त्री जुल्फिकर अलि भुट्टोबीचको रात्रिभोजमा उपस्थित विदेशी पत्रकारहरूबीच रहेका नेभिल म्याक्सवेललाई चिनियाँ प्रधानमन्त्री चाउले आफूहरूसित टोस्टमा सहभागी हुन आग्रह गर्दै भने, 'म्याक्सवेल महासय, तपाईंको पुस्तकले सत्यको उजागर गरेको छ। र, यसबाट चीनलाई फाइदा भएको छ।' यसले एकातिर म्याक्सवेल र चिनियाँ संस्थापनको प्रगाढ सम्बन्ध देखाउँथ्यो भने अर्कोतिर भारतीय संस्थापन पक्षको बिडम्वना नै भन्नु पर्छ कि म्याक्सवेललाई सम्पूर्ण आधिकारिक युद्ध सामग्री उपलब्ध गराई पुस्तक लेख्न सहयोग गरे पनि उनले भने भारतलाई युद्ध उक्साएको र उसैले हमला आरम्भ गरेको भनी आक्षेप लगाए।

हेन्डरसन ब्रुक्स-भगत रिपोर्टले चाहिं सन् १९६२ को युद्धमा भारतको कमजोर तयारीले हिमालय क्षेत्रमा चिनियाँ आक्रमणलाई थेग्न नसकेको उल्लेख गरेको छ। भारत सरकार र सैनिक कमान्डबीच प्रभावकारी समन्वय हुन नसक्दा युद्धमा पराजय भोग्नु परेको उल्लेख गरेको छ। म्याक्सवेल, लिन्टनर बाहेक बेलायती प्राज्ञिक ल्याम्बको *चाइना-इन्डिया बोर्डरः द ओरिजिन्स अफ द डिस्प्युटेड वाउन्ड्रिज* तथा अमेरिकी प्राध्यापक लियो ई. रोजले गरेको रिभ्यू (१९६८) *'द म्याक माहोन लाइनः अ स्टडी इन् द रिलेसन्स बिट्विन इंडिया, चाइना एण्ड तिब्बत'* पठनीय सामग्री हुन्।

सन् १९६२ को युद्धपछि असंलग्न आन्दोलनका अगुवामध्ये तत्कालीन भारतीय प्रधानमन्त्री नेहरूको विश्व छवि धुमिल हुन पुग्यो। तेस्रो विश्वका देशहरूमा भारतको नेतृत्वदायी भूमिका खुम्चियो र त्यो स्थान चीनले लियो। त्यसयता चीन करीब करीब अमेरिकाकै हाराहारी शक्तिमा दरिइसक्यो भने भारत चीनको तुलनामा आर्थिक र सामरिक रूपमा प्रतिरक्षात्मक पंक्तिमै खुम्चिन विवश भएको छ।

पूर्वोत्तर भारतीय सीमा तावाङदेखि पश्चिमोत्तर लद्दाख-काश्मिरको कुनोसम्म चीनले ८० हजार सेना परिचालन गरेर एक्कैदिन भीषण आक्रमण गरेपछि भारत अत्तालियो। धेरै भारतीय सैनिकले पूर्वोत्तर क्षेत्रको सीमा रक्षार्थ चिनियाँ सेनाको शिकार हुनुपर्‍यो। कमान्डर जोन डेल्भी जनमुक्ति सेनाको नियन्त्रणमा परी बन्दी भए।

चिनियाँ रक्षा मन्त्रालयका अनुसार त्यस युद्धमा ७२२ जना जनमुक्ति सेनाले वीरगति प्राप्त गरेका र १,६९७ जना घाइते भएका थिए। भारतीय रक्षा मन्त्रालयले भने युद्धमा १,३८३ जना सेनाले वीरगति प्राप्त गरेको, १,०४७ जना घाइते, १,६९६ जना बेपत्ता र करीब त्यति नै संख्यामा सैनिकहरूलाई चिनियाँ पक्षले बन्दी बनाएको उल्लेख गरेको थियो। त्यस युद्धमा भारतीय खुफिया संयन्त्र निकै कमजोर सावित भएको र नेहरूले युद्धमा पराजयका कारण रक्षामन्त्री तथा आफ्ना अनन्य बंगाली मित्र कृष्णन् कृष्ण मेननलाई मन्त्रीबाट बर्खास्त गरेका थिए।

**चिनियाँ जनमुक्ति सेनाका लडाकूहरू एक महीनामै युद्ध लक्ष्य भेदन गरी आफ्नो स्थानमा फर्किसकेका थिए। उनीहरूले त्यो युद्ध यति छिटो सम्पन्न गरे कि भारतको आग्रहअनुसार संयुक्त राज्य अमेरिकाबाट एक महीनापछि मात्र युद्ध सामग्री भारत आइपुगेको बयान पुस्तकमा उल्लेख छ।**

२३ नोभेम्बरमा चिनियाँ पक्षले एकतर्फी युद्ध विराम घोषणा गरी आफ्नो सेनालाई 'लाइन अफ एक्चुअल कन्ट्रोल' देखि २० किलोमिटर उत्तर खडा रहने जानकारी गराएपछि युद्ध समाप्त भएको थियो। यद्यपि, त्यसको तुष अझ्यापि छँदैछ।

त्यसयता पनि चीन र भारत सीमामा आमने-सामने हुँदै आएका छन्। सन् १९८६ मा राजीव गान्धी प्रधानमन्त्री भएका बेला सुम्द्रोङ चु भ्यालीमा भारत-चीनबीच उत्पन्न सीमा समस्याबारे लिन्टनरले पुस्तकको पृष्ठ २६६ मा उल्लेख गरेका छन्। राजीवले १९८८ मा बेइजिङ भ्रमण गरेको र १९९१ मा चिनियाँ प्रधानमन्त्री लि पेङले नयाँदिल्लीको भ्रमण गरेका थिए। त्यसपछि भारतीय प्रधानमन्त्री पीभी नरसिंह राव चीन पुगे भने चिनियाँ राष्ट्रपति जियाङ जेमिन भारत ओर्लिए।

पछिल्लो पटक २०१७ जूनमा चीन-भूटान सीमाक्षेत्र डोक्लाङ (दोक्लम) मा चीनले सडक निर्माण गर्न थालेपछि भारतीय सेना त्यहाँ पुगेको र चीन-भारतका सेनाबीच ठेलमठेल भएको दृश्य अझै ताजै छ। त्यसबखत भीडन्तको स्थिति देखिए पनि दुवै पक्षको संयमताको कारण युद्ध भने भड्केन। त्यसयता केही समयअघि मात्र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले चीन भ्रमण गरी भ्रमण राजनीतिलाई निरन्तरता दिएका छन्।

लिन्टनरले पुस्तकमा सीमा विवादभन्दा अलि फरक माओकालीन चिनियाँ कम्युनिष्ट पार्टीभित्रको घात/प्रतिघातको शृंखलालाई पनि उल्लेख गरेका छन्। अध्यक्ष माओले चिनियाँ कम्युनिष्ट पार्टी (सीसीपी) का अन्य नेताहरूलाई सखाप पार्न चालेको चालबारे पुस्तकमा उल्लेख गरेका छन्। अहिले राष्ट्रपति सी चिनफिङले पनि माओले झैं नै शक्तिशाली बनेर आजीवन सत्ताभोग गर्ने नीति लिएका छन्।

अन्त्यमा, नेपालका नेताहरूले खासगरी सत्ताधारी नेकपा नेतृत्वले कहिले चीनतिर लहसिने र भारतसित टाढिने अनि फेरि कहिले भारतसित नजिकिने र चीनको वास्ता नगर्ने हो भने दुःख सिवाय केही भोग्नुपर्ने छैन। नेपाली नेतृत्वले चीन र भारतबीच द्वन्द्वका बेला मात्र आत्तिनुपर्ने होइन ती दुई मिल्दा पनि सचेत र चनाखो हुनु वाञ्छनीय हुन्छ। किनकि, यसअघि नै चीन र भारतले नेपाललाई वास्तै नगरी लिपुलेकमा सहमति गर्नुले हाम्रो नेतृत्वलाई झस्काएको मात्र नभई सबक पनि सिकाएको हुनुपर्छ। 📖

*(सिम्खडा राजनीतिक विषयमा दक्खल राख्ने पत्रकार हुन्।)*